# कनकाई नगरपालिकाबाट उपलब्ध गराउने सेवाका मापदण्डहरु-२०७९

मिति २०७९/०१/२६ गतेको कार्यपालिकावाट स्वीकृत

१. परिचय

नेपालको संविधानले ३ तहले सासन व्यावस्था उपलब्ध गरेको छ तीन तहको सरकारले उपलब्ध गराउने सेवा, (अधिकारका सूचीहरू) संविधानको अनुसूची ५,६,७,८ र ९ मा उल्लेख गरिएको छ । स्थानीय तहको अधिकार नेपालको संविधानको अनुसूची ८ मा एकल अधिकार सूची र अनुसूची ९ मा साझा अधिकार सूचीको व्यवस्था गरिएको छ। स्थानीय तहले उपलब्ध गराएको सेवालाई प्रभावकारी बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ जारी गरिएको छ। सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागी समय समयमा संविधान तथा प्रदेश सरकारबाट विभिन्न आदेश परिपत्र जारी भएको सो समेतको आधारमा कनकाई नगरपालिकावाट उपलब्ध गराउने सेवालाई प्रभावकारी बनाउन मिति २०७९ बैसाख २६ गतेको कार्यपालिकाको निर्णय अनुसार निम्न मापदण्ड / आधारमा गरिने छ ।

१. सेवा प्रवाह

- शासकीय प्रणालीको अवलम्वन गर्दा नेपालको संविधानमा गरिएका व्यवस्था अवलम्बन गर्ने । वार्षिक वजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा संघीय र प्रदेशले तोकेका मापदण्ड नीति तथा कार्यक्रमको पालना गरिने।
- स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ को पूर्ण पालना गरिने।
- कनकाई नगरपालिकावाट जारी भएका ऐन कानुन निर्देशिका, तथा कार्यविधिहरु बमोजिम गरिने।
- विधी प्रकृया तथा नगरकार्यपालिकाको बैठक तथा नगर सभाबट भएका निर्णयहरुको कार्यन्वयन गरिनेछ।
- नगरपालिकाबाट उपलब्ध गराईने सेवा तोकिएको समयमा तोकिएको शाखा र शाखामा कार्यरत कर्मचारी तथा पदाधिकारीबाट गुणस्तरीय सेवा उपलब्ध गराउने ।
- नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारीको नियमित बैठक बसी सेवा प्रवाहको स्थिति, समस्या आदिको पहिचान गरी निरन्तर सुधारमा जोड दिइने ।
- 

## २. न्यायिक समिति

न्यायिक समितिबाट हुने न्याय सम्पादन नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ मा तोकिएको क्षेत्र र परिधि भित्र रही नगरपालिकाको न्यायीक समिति संचालन कार्य विधि तथा मेलमिलाप समिति संचालन सम्बन्धि कार्यविधि बमोजिम गर्ने ।

- न्यायीक समितिको प्रतिवेदन नियमित रुपमा पेश गर्ने। न्यायीक समितिमा कानुनी सहजकर्ता तथा प्रमुख प्रशासकीय अधिकृतले तोकिएको कर्मचारीले गर्ने र प्रमुख प्रशासकीय अधिकृतले सहजीकरण गर्ने ।

कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुरुङ्गा, झापा १ नं. प्रदेश, नेपाल

३. विषयगत शाखा (कृषि, पशु, शिक्षा, महिला विकास, स्वास्थ्य शाखा)

- विषयगत शाखाले काम गर्दा प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशनमा रहि प्रचलित कानुन बमोजिम सेवा प्रवाह गर्ने । प्रमुख प्रशासकीय अधिकृतलाई नगरप्रमुख तथा विषयगत समितिले निर्देशन दिन सक्ने छन । प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो निर्देशनको पालना गर्नु पर्नेछ ।
- विषयगत शाखाका कर्मचारीहरुले नियमित सेवा उपलब्ध गराउनुका साथै स्वीकृत कार्यक्रम समयमै आर्थिक अनुशासनको परिधिमा रहि कार्य सम्पन्न गर्ने ।
- आफ्नो शाखासंग सम्बन्धित विषयहरु सेवा प्रवाहको क्रममा देखिएका समस्याको बारेमा नियमित रुपमा विषयगत समितिसँग छलफल गर्ने र कार्यपालिकामा छलफलको लागी सिफारीस गर्ने । शिक्षा शाखाले यस नगरपालिकाका सबै विद्यालयहरुको व्यवस्थापन सम्बन्धि कार्य गर्ने स्वास्थ्य शाखाले सम्पूर्ण स्वास्थ्य संस्था, कृषि र पशु शाखाले तोकिएका सेवा केन्द्रहरु व्यवस्थापन गर्ने ।

४. योजना तथा प्रविधिक शाखा

- नगरपालिकाको स्विकृत कार्यक्रम तोकिए बमोजिम समयमै सम्पन्न गर्ने ।
- अनुगमन प्रणाली तथा मूल्याङ्कन प्रणालीको व्यवस्थापन गर्ने ।
- उपभोक्ता समिति र नगरपालिका विच हुने सम्झौता वडा कार्यलयमानै गरिने

५. वडा कार्यालयको व्यवस्थापन

- यस नगरपालिकामा रहेका ९ वटै वडा सचिवको नियमित व्यवस्था गर्ने र वडा सचिव तोक्दा स्थायी कर्मचारीहरु मध्ये वाट तोक्ने।
- वडा सचिवको सम्पूर्ण कार्य प्रणालिलाई व्यवस्थापन गर्न वडा सचिवहरु पालिकामा आउदा उनीहरुको सम्पर्क शाखा वा सम्पर्क कर्मचारी तोकी सेवा प्रवाहलाई प्रभावकारी बनाउने, वडा कार्यालयमा वडा अध्यक्ष र वडा सचिव बिच पारस्परीक समन्वय र सहकार्यमा कार्य गर्ने वातावरण बनाउने र वडा सचिवको नियमित बैठक राख्ने ।
- प्रविधिक (ईन्जिनियर) शाखाको कामलाई वडातह सम्म बाँडफाँडगरी निजहरु वडा कार्यलयमा नै रहने गरी सेवा प्रवाह व्यवस्थित बनाउने । सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली बैङ्किङ प्रणालीमा आवद्धता गराउने । सेवा प्रवाह गर्दा विदयुतीय प्रणाली अवल्बनमा जोड दिने ।

६. साझा मापदण्डहरुः-

- सबै कर्मचारीहरुले अनिवार्य रुपमा तोकिएको पोषाक लगाउने र परिचयपत्र प्रयोग गर्ने ।
- सेवाग्राहीसंगको सेवामैत्री भावले हुने ।
- सेवाको गुणस्तरमा विशेष ध्यान दिने ।
- कार्यापालिकाको निर्णयहरु पालना गर्ने ।
- तोकिएको निर्देशन र सयमको पालना गर्ने ।
- राजनैतिक तटस्थता कायम गर्न र प्रसाशनिक प्रविद्धताको पालना गरी सेवा प्रवाह गर्ने ।

७. सेवा प्रवाहका नविन प्रविधिहरु सम्बन्धमा

- घुम्ति सेवा प्रणाली विस्तार गरिने

- नागरीक वडापत्र अक्षरांस पालना गरिने
- उजुरी पेटीका  र गुनासो दर्ता व्यवस्थापन प्रभावकारू कार्यन्वयन गर्ने।
- सूचना अधिकारी लगायतका सेवाका नविन विधिको अबलम्वन ।

New Public Management (NPM). New Public Service (NPS), Good Governance, New Public Potion (NPP) का विषय वस्तुहरुमा राम्रा विषयहरुको प्रयोग क्रमसः बढाउदै लगिने

८. अन्य शाखाहरुको सम्बन्धमा

नगरपालिकामा रहेका प्रधानमन्त्री रोजगार, सूचना प्रविधि अधिकृत, MIS शाखा लगाएतका कार्यक्रमसंग सम्बन्धित कर्मचारीहरुले तोकिए बमोजिम सेवा उपलब्ध गराउने, नागरिकले शासन प्रतिको अपनत्व सेवा प्रवाहबाट झल्कने हुँदा सेवा प्रदायकलाई उच्च मनोबलका साथ सेवामा लाग्ने वातावरण बनाई संघिय सासन प्रणालीलाई सफल बनाइने गरी कार्य प्रभावकारी रुपमा अगाढी बढाईनेछ।